श्री

# राजस्व न्यायाधिकरण काठमाडौ

## इजलास

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**

**राजस्व सदस्य श्री नरनाथ गिरी**

**लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाईं**

## फैसला

२०७६।०७७ सालको निर्णय नं. ८६

पुनरावेदन नं. ०७५-RB-०३७०

**मुद्दाः– आयकर (२०७१/०७२) ।**

जिल्ला काठमाण्डौ का.म.न.पा वडा नं. २८ कमलादीस्थित केन्द्रीय कार्यालय रहेको मेगा बैंक लि. (स्थायी लेखा नं. ३०४३०१२४१) को तर्फबाट अख्तियार प्राप्त ऐ. बैंकका प्रमुख कार्यकारी अधिकृत अनुपमा खुजेली........................................१ } पुनरावेदक

**विरुद्ध**

श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर........................................१ } प्रत्यर्थी
श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट......................................................१ }

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ताद्धय श्री डिल्लीराम श्रेष्ठ र शाहरुख राई

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : उपन्यायाधिवक्ता श्री शम्भु कुमार बस्नेत

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक श्री धनिराम शर्मा

शुरु कर्यालयको निर्णय मितिः–२०७५/०६/२३

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री विष्णु प्रसाद नेपाल

निर्णय मितिः २०७५/१२/१५

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर समेतको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ (१) र आयकर ऐन २०५८ को दफा ११६ बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको रही दर्ता हुन आएको प्रस्तुत पुनरावेदनपत्रको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ ।

## तथ्य खण्ड

१. यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत बैंकिङ्ग कारोबार गर्ने करदाता मेगा बैंक लि.ले आ.व. २०७१/०७२ को आय विवरण आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य आय रू.५०,२७,७५,१०२।- देखाई ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरमा मिति २०७२/०९/२९ मा विवरण पेश गरेको।

२. करदाताको आ.व. २०७१।०७२ को कार्यालयबाट कर परीक्षण हुँदा आयकर विवरणसाथ करदाताबाट पेश भएका संलग्न कागजात को अध्ययन, छानविन तथा हिसाव कितावको परीक्षण गरी पेश हुन आएको प्रतिवेदन समेतका आधारमा प्रस्तुत करदाताको यस आ.व. २०७१/०७२ को आयकर ऐन २०५८ बमोजिम आयमा समावेश गर्नुपर्ने आय समावेश नगरेको /कट्टी गर्न नपाइने खर्च दावी भएको देखिएकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित करयोग्य आय कायम गर्नुपर्ने भएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र पेश गर्न ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट करदाताको नाममा मिति २०७५/०५/३१ मा सूचना जारी भएको ।

३. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७५/०५/३१ मा जारी भएको सूचना मिति २०७५/०६/०१ मा बुझीलिइ सूचनाको जवाफ मिति २०७५/०६/१४ मा पेश गरेको ।

४. करदाताको आ.व. २०७१/०७२ का लागि करयोग्य आय रु.५१,०४,९२,११४।- कायम गरी आयकर ऐन २०५८ को दफा १०१ बमोजिम कर अधिकृतले संशोधित कर निर्धारण गरी सोही ऐनको दफा ११८,११९ र १२० (क) बमोजिम शुल्क र व्याज समेत गणना गर्ने भन्ने ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७५/०६/२३ मा खडा भएको निर्णय पर्चा ।

५. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७५/०६/२३ मा जारी गरेको आ.व. २०७१/०७२ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी मेगा बैंक लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७५/०७/२० मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. ठूला करदाता कार्यालयको निर्णय कानूनसम्मत भएकोले निवेदकको जिकिर नपुग्ने ठहर्छ भन्ने समेत व्यहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५/१२/१५ मा भएको निर्णय।

७. यसमा शुरु करदाता कार्यालयले मिति २०७५/०६/२३ मा गरेको संशोधित कर निर्धारण निर्णयमालाई नै सदर गर्ने गरी भएको प्रशासकिय पुनरावलोकनको निर्णयमा बैंककै आय आर्जनमा प्रयोग भएका **Own Your Own Vehicle Scheme** अन्तर्गतका सावरी साधनको ह्रास खर्च, सवारी साधन कर, इन्धन, विमा खर्च समेतलाई अमान्य गरेको करदाताको तर्फबाट मिति २०७६/०२/१६ मा यस न्यायाधिकरण समक्ष दर्ता भएको पुनरावेदन पत्र ।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७६/०७/६ मा भएको आदेश ।

## ठहर खण्ड

९. नियम बमोजिम पेसीसूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक पक्षबाट उपस्थित विद्धान अधिवक्ताद्धय श्री डिल्लीराम श्रेष्ठ र शाहरुख राईले vehicle Scheme अन्तर्गत खरीद भएका सवारी साधनहरु बैंककै आय आर्जनको काममा प्रयोग भएको र बैंककै नाममा रहेकोले भोगाधिकार र स्वामित्व बैंककै हुँदा उक्त सवारी साधनको ह्रास खर्च विमा सवारी साधन कर र इन्धन खर्च पाउनु पर्नेमा उक्त शिर्षकको खर्च अमान्य गरेको शुरुको निर्णय बदर हुनु पर्छ भन्ने बहस जिकीर प्रस्तुत गर्नुभयो।

१०. त्यस्तै प्रत्यर्थी ठूला करदाता कार्यालय एवं आन्तरिक राजश्व विभाग समेतका तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालय काठमाडौंका विद्धान उपन्यायधिवक्ता श्री शम्भु कुमार बस्नेतले Vehicle Scheme अन्तर्गतका सवारी साधनमा कर्मचारीको Possessory Right हुने, व्यवसायिक काममा समेत सुविधा प्राप्त बाहेकका अन्य कर्मचारीले प्रयोग गर्न नपाउने, इन्धन र मर्मत निश्चित सिमा भन्दा माथी सम्बन्धित कर्मचारीले व्यहोर्नु पर्ने लगायतका कारणले सवारी साधन व्यवसायको आय आर्जनमा मात्र प्रयोग भएको नदेखिँदा सवारी साधनको ह्रास खर्च, विमा, इन्धन र सवारी साधन कर अमान्य गरेको शुरु कार्यालयको निर्णय कानूनसम्मत भएकोले सदर हुनुपर्छ भन्ने बहस जिकीर प्रस्तुत गर्नु भयो ।

११. उपरोक्तानुसार दुवै पक्षका विद्धानहरुको बहस सुनी, पुनरावेदनपत्र सहितका मिसिल संलग्न फायल कागजात हेरी शुरुको निर्णय मिलेको छ छैन ? पुनरावेदकको जिकीर पुग्न सक्ने हो होईन ? भनी निर्णय दिनु पर्ने देखिन आयो ।

१२. सो बमोजिम निर्णय तर्फ विचार गर्दा निम्नलिखित पुनरावेदन जिकिरका विषयमा निम्नबमोजिम हुने देखिन आयो ।

**क) <u>Vehicle Scheme (OYVS) का सम्बन्धमाः-</u>**

बैकको निर्णयानुसार कर्मचारीहरुलाई सवारी साधन खरिद गरिदिने योजना सञ्चालन गरेको, सुविधा पाउने कर्मचारीले बैंकको हित वा सेवा शर्त विपरीत कार्य गरेमा सुविधाबाट वञ्चित गर्न मात्र बैंकको

स्वामित्व कायम राख्न सवारी साधन बैंकको नाममा राखिएको, उपलब्ध गराईएको सवारी साधन निर्वाध रुपमा उपयोग गर्ने अधिकार Possessory Right सम्बन्धित कर्मचारीमा नै रहने, ब्यबसायिक काममा समेत अन्यले प्रयोग गर्न नपाउने, ईन्धन र मर्मतको खर्च निश्चित सीमा भन्दा माथिको सम्बन्धित कर्मचारीले नै ब्यहोर्ने, कर्मचारीको रोजाईमा रकम थप गरेर सवारी साधन खरिद गर्न सकिने, सवारी साधनको प्रयोग बैंकको आय आर्जन सँग सम्बन्धित कामका लागि मात्र नहुने, ब्यक्तिगत प्रयोजनमा बढी उपयोग हुने र पछि तोकिएको समयमा कर्मचारीलाई नै हस्तान्तरण भै सम्पतिको निसर्गबाट बैंकलाई कुनै प्रतिफल प्राप्त नहुने भएकाले पूर्ण स्वामित्व बैंकको हो भन्न सकिने अवस्था देखिएन ।

यस्तो सवारी साधन कस्तो प्रकृतिको सम्पत्तिको दायरा भित्र पर्दछ भन्ने सम्बन्धमा Nepal Accounting Standard (NAS) को Paragraph 6 and 7 मा निम्न बमोजिम उल्लेख भएको पाइन्छः-

"Property, plant and equipment are tangible items that :- a) are held for use in the production or supply of goods or services, for rental to others or for administrative purpose." Para-6

"The cost of an item of property, plant and equipment shall be recognized as an asset, if and only if, (a) It is probable that future economic benefits associated with the item will flow to the entity." Para–7

लेखामानको उपरोक्त तथ्य अनुसार कुनै निकायको सम्पति हुन त्यस्तो सम्पति उक्त निकायको उत्पादन कार्यमा प्रयोग भएको हुनु पर्ने वस्तु तथा सेवाको वितरणमा प्रयोग भएको हुनु पर्ने, अन्य ब्यक्तिलाई भाडामा दिन सक्ने वा प्रशासकीय कार्यमा प्रयोग भएको हुनु पर्नेमा बैंकले स्वतन्त्र रुपमा उल्लेखित कुनै पनि कार्यमा प्रयोग गर्न सक्ने देखिएन । ब्लु बुक र दर्ताका आधारमा मात्र सवारी साधन बैंकको स्वामित्वमा रहेको भनी ब्यवसायको वार्षिक आयबाट निम्नानुसारका खर्च कट्टी दावी गरेको सन्दर्भमा हेर्दा निम्नानुसार हुने देखियोः

**(अ) ह्रास खर्च कट्टी दावीः–** आयकर ऐन, २०५८ को दफा १९(१)मा कुनै ब्यक्तिले कुनै आय वर्षमा कुनै ब्यबसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनका लागि सो ब्यबसाय वा लगानीबाट सो ब्यक्तिको आय आर्जन गर्न सो वर्षमा आफ्नो स्वामित्वमा रही प्रयोग गरेको ह्रास योग्य सम्पतिको ह्रास भए वापत अनुसूची – २ बमोजिम ह्रास खर्च कट्टी गर्नु पर्नेछ भन्ने ब्यबस्था भएकोमा Staff vehicle scheme अन्तर्गत खरिद भएका सवारी साधनको पूर्ण स्वामित्व बैंकको हुने नदेखिएको र प्रयोग समेत बैंकका लागि मात्र भए गरेको नदेखिएको अवस्था हुँदा माथि विवेचित तथ्यबाट सवारी साधनको ह्रास खर्च कट्टी दावी नपाउने गरी भएको शुरु ठूलाकरदाता कार्यालयको निर्णय कानून सम्मत नै देखिन आयो ।

**(आ) बीमा र सवारी साधनखर्चः–** माथि विवेचित आधारमा सवारी साधनमा बैंकको पूर्ण स्वामित्व नदेखिएको र प्रयोग समेत बैंकका लागि मात्र भए गरेको नदेखिदा सवारी साधनका लागि गरेको बीमा खर्च र सवारी साधनका लागि गरेको सवारी साधन कर अमान्य गर्नेगरी भएको ठूला करदाता कार्यालयको निर्णय मिलेकै देखिन आयो ।

१३. अतः उपरोक्त उल्लेखित आधार कारणबाट स्थायी लेखा नं. ३०४३०१२४१ भएका पुनरावेदक करदाता मेगा बैंक लिमीटेडको आ.ब.२०७१/०७२ को आयकर निर्धारणका सम्बन्धमा शुरु ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरको मिति २०७५/६/२३ को निर्णयलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको मिति २०७५/१२/१५ को निर्णय मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नु ।

**तपसील**

विशेष सरकारी वकीलको कार्यालय, काठमाण्डौलाई फैसलाको जनाउ दिनू.......................१

सरोकारवाला पक्ष नक्कल माग गर्न आए नियमानुसार नक्कल दिनू....................................२

फैसलाको विद्युतीय प्रति अपलोड गरी प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गर्नु र शुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू.........................................३

पुष्प प्रसाद गुरागाईं
(लेखा सदस्य)

उक्त रायमा हाम्रो सहमति छ ।

नरनाथ गिरी
(राजस्व सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

फैसला तयारीमा सहयोग गर्ने-

शाखा अधिकृतः श्री विश्वराज कुइकेल

कम्प्यूटर टाइपः श्री प्रदिप तिवारी

इतिसम्बत २०७६ साल पुस २७ गतेरोज १ शुभम......